ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

**यमपुरीको महल उपन्यासमा डायस्पोरा चेतना**

डा. फणीन्द्रराज निरौला

पद्मकन्या बहुमुखी क्याम्पस, काठमाडौँ

phniraula@gmail.com

https://doi.org/10.3126/gyandeep.v10i2.77329

**लेखसार**

प्रस्तुत लेख होमनाथ सुवेदीद्वारा लिखित २०६४ सालमा साझा प्रकाशनबाट प्रकाशित *यमपुरीको महल* उपन्यासमा डायस्पोरा चेतनाको खोजीमा केन्द्रित छ । डायस्पोरा आफ्नो मातृभूमि छोडी परदेश गएका व्यक्तिहरूका अनेक पीडालाई अभिव्यक्ति दिएर लेखिएको लेखन हो । डायस्पोरा लेखनमा आफ्नो मातृभूमि, परम्परा, संस्कृति र समुदायको झझल्को एवम् विदेशको अनुभूतिका साथै पीडादायी क्षणहरूसमेत प्रस्तुत गरिएको हुन्छ । प्राथमिक र द्वितीयक स्रोतका सामग्री उपयोग गरिएको यस शोधमा प्राथमिक सामग्रीमा होमनाथ सुवेदीको *यमपुरीको महल* उपन्यास र द्वितीय सामग्रीमा सिद्धान्तमा आधारित पुस्तक, अनुसन्धानात्मक लेख आदिको उपयोग गरिएको छ । सङ्कलित सामग्रीको विश्लेषणका क्रममा निगमनात्मक विधिको प्रयोग गरी उपन्यासका साक्ष्यहरूका आधारमा पुर्ख्यौली भूमि र इच्छित भूमि, विभाजित मानसिकता, अल्पसङ्ख्यक एवम् सीमान्तकृत हुनुको पीडा, अभिघात, परदेशमा भोगेका रोमाञ्चपूर्ण क्षण, असीतत्वबोधका लागि एकताको खोजी तथा अतीतमोहलगायतका आधारमा उपन्यासमा डायस्पोरा चेतना अनुशीलन गरिएको छ । प्रस्तुत उपन्यासमा काम र मामका लागि आफ्नो पुर्ख्यौली थलो छोड्नुपर्ने नेपाली बेरोजगारहरूको प्रतिनिधि पात्र प्रेमको अमेरिका बसाइ विश्लेषण गर्दा उपन्यासमा देखापरेका प्रत्येक पात्रहरूका क्रियाकलाप तथा जीवन भोगाइमा डायस्पोरिक मूल्य र चेतनामा आधारित रहेको निष्कर्ष निकालिएको छ ।

*शब्दकुञ्जी :* अतीतमोह, इच्छित भूमि, डायस्पोरा, सीमान्तकृत ।

**विषयपरिचय**

*यमपुरीको महल* उपन्यास डायस्पोरा चेतनामा आधारित भएर लेखिएको उपन्यास हो । नेपाली उपन्यास लेखनको नवीनतम उत्तरआधुनिक प्रवृत्तिअन्तर्गत एउटा हाँगो डायस्पोरा लेखनमा केन्द्रित भई *यमपुरीको महल* (२०६४) उपन्यास लेखिएको हो । सुवेदीले नेपालमा भोगेको जीवन र अमेरिका गएपछि प्रत्यक्ष देखेको जीवन भोगाइबाट गहन शिक्षा प्राप्त गर्दै गर्दा यस उपन्यासको रचना गरेको पाइन्छ । आर्थिक तथा सामाजिक जीवनका जटिलताका ज्वलन्त भोगाइका अनुभवबाट सिर्जित यस उपन्यासमा स्वदेश र विदेशमा भोग्नुपरेका अकल्पनीय पीडादायी अवस्थाहरूको चित्रणमा केन्द्रित छ । आफ्नो मातृभूमि र आफ्ना प्रियजन छोडेपछि मनमा उत्पन्न संवेग, अस्थिर र अन्योलग्रस्त जीवन, विचलित मन, आर्थिक सङ्कट, सुविधा सम्पन्न महलको कल्पनामा रुमलिएको अन्त्यमा कुनै उपलब्धि हासिल गर्न नसकेको दुःखद अन्त्यहीन कथाबाट यस उपन्यासको निर्माण भएको छ ।

होमनाथ सुवेदी प्रवासमा बसी डायस्पोरिक चेतनामा आधारित आख्यानात्मक लेखनका विशिष्ट स्रष्टा हुन् । उनी नेपाली र अमेरिकाली समाजमा आजको विकसित एवम् परिवर्तनशील व्यवहार र सोचाइले मानिसको व्यक्तित्वमा पारेको प्रभावको चित्रण गर्दै नौलो प्रयोगमार्फत उपन्यास लेखनका क्षेत्रमा क्रियाशील रहेका पाइन्छन् ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X
उनले नेपालीहरूमा तीव्रताका साथ अमेरिका जाने सपना, त्यहाँ गएपछि भोग्नुपरेका पीडादायी क्षणहरू, पारिवारिक विछोडका कारण जीवनपद्धति नै खलबलिएको विसङ्गतिपूर्ण अवस्थालाई विषयवस्तुका रूपमा ग्रहण गरी उपन्यासको सिर्जना गरेका छन् । *यमपुरीको महल* उपन्यासमा डायस्पोरिक चेतनाको प्रयोग के कस्तो रूपमा भएको छ भन्ने मूल समस्यामा केन्द्रित भई त्यसबारे अध्ययन विश्लेषण गर्नु यस शोधको उद्देश्य रहेको छ ।

नेपाली समालोचनाका क्षेत्रमा डायस्पोरा आफैँमा नौलो प्रयोग हो । यसको परिचय र सिद्धान्तका बारेमा चर्चा गर्ने प्रमुख व्यक्तित्व र कृतिहरूमा नेत्र एटम (२०६७) का नेपाली डायस्पोरा र अन्य समालोचना, र नेपाली डायस्पोराका नारी कथाकार र कथा, गोविन्दराज भट्टराई (२०७२) को डायस्पोरा सिद्धान्त र समालोचना, रक्ष राई र मिजास तेम्बे (२०७२) को डायस्पोरा सिद्धान्त रचना र समालोचना, खुमबहादुर खड्का (२०७५) को नेपाली डायस्पोरा साहित्य र समालोचना, खगेन्द्र लुइटेल (२०७९) को डायस्पोराको सैद्धान्तिक स्वरूप आदि कृतिहरू तथा फुटकर समालोचनाहरूमा राजेन्द्र सुवेदी, कपिल लामिछाने, यादवप्रकाश लामिछाने, बालाकृष्ण अधिकारी बाबुराम ओझा, लेखप्रसाद निरौलालगायतका डायस्पोरासम्बन्धी सैद्धान्तिक र समालोचनात्मक लेखहरू प्रकाशित भएका छन् । *यमपुरीको महल* उपन्यासमै केन्द्रित भई डायस्पोरासम्बन्धी अध्ययनहरूमा लेखप्रसाद निरौला (२०६७) को “यमपुरीको महल उपन्यासभित्रको डायास्पोरिकता र प्रयोगशीलता”, गोविन्दराज भट्टराई (२०७२) को “नेपाली डायस्पोरिक साहित्यको प्रथम उपन्यासः *यमपुरीको महल*”, रामनाथ ओझा (२०७२) को “डायस्पोरिक उपन्यास ‘*यमपुरीको महल*’”, देवीप्रसाद सुवेदी (२०७२) “डायस्पोरिक औपन्यासिक स्वप्नबिम्बः *यमपुरीको महल*”, खेम दाहाल (२०७२) को “‘यमपुरीको महल’ माडायस्पोराको कष्ट”, नेत्र एटम (२०७२) को “डायस्पोरिक विशलेषण ‘*यमपुरीको महल*’” आदि शीर्षकका अनुसन्धानात्मक लेखहरू प्रकाशित भएका छन् । यी अध्ययन र विश्लेषणहरूमा *यमपुरीको महल* उपन्यासको अनेक कोणबाट अध्ययन र विश्लेषण गएिको छ तर मूलभूत रूपमा डायस्पोरिक चेतनाको खोजीमै केन्द्रित हुन नसकेको देखिएको हुँदा त्यसैलाई अनुसन्धान रिक्तता मानेर यो लेख तयार पारिएको छ । यस लेखमा डायस्पोरा चेतनाका दृष्टिले विश्लेषण गर्दा पुर्ख्यौली भूमि र इच्छित भूमि, विभाजित मानसिकता, अल्पसङ्ख्यक हुनुको पीडा, एकतासूत्रको खोजी, अतीत मोहजस्ता डायस्पोरिक कृतिविश्लेषणका मापडण्डका आधारमा मात्र सीमित गरिएको छ । यो अध्ययनन डायस्पोरा चेतनासम्बन्धी जिज्ञासा राख्ने जिज्ञासु पाठकवर्गका लागि उपयोगी हुने विश्वास गरिएको छ ।

## अध्ययन विधि र सैद्धान्तिक अवधारणा

अनुसन्धानका लागि सामग्री सङ्कलन र विश्लेषण विधि वा सैद्धान्तिक पर्याधारजस्ता पक्षहरू सधैँ महत्त्वपूर्ण हुने गर्दछन् । प्रस्तुत अनुसन्धान आफैँमा कृतिकेन्द्री सैद्धान्तिक प्रकृतिको भएकाले यसका लागि सामग्री सङ्कलनको मूल आधारका रूपमा पुस्तकालयलाई उपयोग गरिएको छ । पुस्तकालयबाट प्राथमिक सामग्रीका रूपमा होमनाथ सुवेदीद्वारा लिखित *यमपुरीको महल* उपन्यास सङ्कलन गरिएको छ । त्यस्तै द्वितीयक सामग्रीमा डायस्पोरिक सिद्धान्तका पुस्तकहरू, *यमपुरीको महल* उपन्याससम्बन्धी विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरूमा प्रकाशित लेखहरू, डायस्पोरासम्बन्धी अनुसन्धानात्मक लेखहरूको प्रयोग गरिएको छ । सङ्कलित सामग्रीको विश्लेषण डायस्पोराको सैद्धान्तिक स्वरूपलाई आधार मानिएको छ ।

ग्रिसेली भाषाको डायस्पोरा ‘डिया’ र ‘स्पोरो’ को मेलबाट निर्मित शब्द हो । ‘डिया’ को अर्थ कुनै ठाउँबाट बाहिर अनि ‘स्पोरो’ को अर्थ परीक्षण अथवा छरिने, हुत्याउने, पठाउने काम भन्ने हुन्छ (भट्टराई, २०७६, पृ. १८५) । डायस्पोरा

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

शब्द ईशापपूर्व छैटौँ शताब्दीदेखि नै प्रचलनमा रहेको देखिन्छ तापनि उन्नाइसौँ शताब्दीमा अङ्ग्रेजी साहित्यकमा र बिसौँ शताब्दीको मध्यबाट अन्य भाषामा प्रयोग हुन थालेको पाइन्छ (भट्ट, २०७९, पृ. ४४) । डायस्पोरा शब्दको सुरुवाती अवस्थाको अर्थ बसाइँसराइसँग सम्बन्धित भए पनि पछिल्लो समय साहित्यका क्षेत्रमा पनि प्रशस्त प्रयोग हुँदै आएको पाइन्छ । प्रारम्भिक अवस्थाको सन्दर्भ हेर्दा ईशापूर्व ५८६ देखि ५३८ सम्मको चालिस वर्षको अवधिमा प्यालेस्टाइनका यहुदीहरूलाई बेलिलोनियामा गरिएको निर्वासनलाई जनाउन डायस्पोरा प्रयोग गरिएको थियो (एटम, २०६७, पृ. ३०) । वस्तुत: एउटा भूमि छोडेर नौलो भूमिमा गएको, बसाइँसराइ गरेका वा इच्छा वा बाध्यताले निर्वासित जीवन बिताइरहेका व्यक्तिलाई डायस्पोराका नामले चिनिन्छ । यस्ता मानिसहरूका भावना, संवेग र आन्तरिक आर्तनादले भरिएको साहित्य नै डायस्पोरिक साहित्य हो (भट्ट, २०७९, पृ. ४४) । यस अवधारणाले विश्वसाहित्यमा ठुलो प्रभाव पारेको पाइन्छ । यही डायस्पोरासम्बन्धी चेतनाको अभिव्यक्तिको अनुशीलन यस शोधमा गरिएको छ ।

## नतिजा र विमर्श

### यमपुरीको महल उपन्यासमा डायस्पोरिक चेतनाका प्रमुख पक्षहरू

होमनाथ सुवेदीद्वारा लिखित *यमपुरीको महल* उपन्यासमा प्रमुख पात्रका रूपमा म पात्र (प्रेम) रहेको छ । उसैको पूर्वस्मृतिमा केन्द्रित तथा चेतनप्रवाह शैलीमा लिखित यो एक डायस्पोरिक चिन्तनमा आधारित चर्चित उपन्यास हो । यो अठार अध्यायमा विभाजित छ । तीमध्ये पहिलो र अन्तिमबाहेक बाँकी सोरओटै अध्यायहरूमा अमेरिकामा घटित घटनाहरूलाई समेटिएको छ । पहिलो अध्यायमा नेपालमै बसिरहेको यस उपन्यासको केन्द्रीय पात्र प्रेम दोस्रो अध्यायदेखि स्वप्नमा अमेरिकामा भ्रमणरत देखिन्छ र सत्रौँ अध्यायसम्म उसले त्यहीँ अनेक सङ्घर्ष गर्दै जीवनको अन्तिम घडीको कष्टपूर्ण अवस्था भोगिरहेको हुन्छ । स्वप्नबाट ब्युँझदा ऊ पुनः नेपाल वा स्वदेशमै श्रीमती लक्ष्मीप्रियाका साथ रहेको हुन्छ । यहाँ तीनचार घण्टाको स्वप्नभित्र प्रेमको जीवनका पचासभन्दा बढी वर्षहरूले अमेरिकामा भोग्नुपरेका अनेक पीडादायी घटनाहरू नै उपन्यासले अवलम्बन गरेको कथावस्तु हो । उपन्यासको कथावस्तु र घटित घटनाका आधारमा यसमा प्रयुक्त डायसपोरिक चेतनाका पक्षहरूका बारेमा निम्नअनुसारका उपशीर्षकहरूमा अनुशीलन गरिएको छ :

#### *सङ्घर्ष एवम् अस्तित्वको खोजी*

अनादिकालदेखि मानिस यायावरीय शैली रुचाउने प्राणीका रूपमा परिचित छ । एउटा परिवेशमा हुर्केबढेको मानिस अर्कै परिवेशमा क्रियाशील हुँदा उसलाई अनौठो लाग्दैन । विशेषतः बाध्यता, आवश्यकता, अभिरुचि, सम्भाव्यता र सुखमय जीवनको अपेक्षामा आप्रवासनलाई सदा दोहोऱ्याइरहन्छ । खास गरी वर्तमान समयमा अमेरिका, अस्ट्रेलिया, युरोप आदि देशहरूलाई नेपालीहरूले मुख्य गन्तव्यका रूपमा लिँदै आएका छन् । आप्रवासनको परधर्तीमा पाइला राख्नेबित्तिकै स्वधर्तीका अनेकानेक मूल्यहरू गुमेको पीडा मानवीय संवेदनामा स्वाभाविक रूपमा प्रकट हुने गर्छ । आफ्नो भूमिबाट पराईको भूमिमा पुगेको मान्छे सामाजिक आधारमा एक्लो र सांस्कृतिक रूपमा अल्पसङ्ख्यक बन्दछ । आचार व्यवहारका, खानपान र बसउठका समाज निर्मित संस्कारका आधारमा उपेक्षाको वस्तु बन्दछ । तात्त्विक संस्कृतिका आधारमा देख्ने शारीरिक संरचना, छालाको रङ आदिका प्रश्नहरू पनि यहाँ उपेक्षाका कारक बन्दछन् । त्यतिखेर पराई धर्तीमा पुगेको आप्रवासी आफ्नो अस्तित्वको निम्ति विभिन्न सङ्घर्षका उपायको खोजीमा जुट्दछ (सुवेदी, २०७२, पृ. ५) । परधर्तीमा जीवन व्यतीत गर्दै गर्दा मानिस फरक संस्कृतिको निर्माण भएको समाज र संस्कृतिमा समावेश हुँदा द्वैध मानसिक अवस्थाको अन्तद्र्वन्द्वमा रुमलिइरहन्छ । विभिन्न चुनौतीका बिच

नयाँ नयाँ अभाव, आवश्यकता, ज्ञान र सिप आदिको अभावले समस्याको समाधान गर्न सङ्घर्षका लागि तयार भइरहनुपर्छ (राई र तेम्बे, २०७२, पृ. ५८) । यति हुँदा हुँदै पनि परदेशमा पाइला टेक्नु र त्यहीँको स्थायी बसोबासका लागि विभिन्न प्रयास  जारी राख्नुलाई नेपालीहरूको आप्रवासन र अस्तित्वको खोजीतर्फको यात्रा मानिन्छ । डायस्पोराको सानो समुदायका रूपमा व्यक्ति रहने हुनाले सम्बन्धित देशको समुदायअगाडि किनारामा धकेलिएको अल्पसङ्ख्यकका रूपमा मात्र उसको अस्तित्व रहन्छ । यस्तो अवस्थाको प्रारम्भमा अस्तित्व पहिचानको खोजी तथा बिस्तारै जोगाएको पहिचान विलयको चिन्ता हुन्छ (राई, २०७९, पृ. १०। अल्पसङ्ख्यक समुदायका रूपमा रहँदा सधैँ अस्तित्व रक्षाका लागि उनीहरू सजग हुने गर्छन् तापनि स्थानान्तरण काललदेखि नै तिनमा दुई भिन्न धर्म, भाषा र संस्कृतिको अन्तरमिश्रणका कारणले कहिल्यै पूर्ण हुन सकेको दखिँदैन । यो डायस्पोरिक चेतनालाई *यमपुरीको महल* उपन्यासमा प्रशस्त मात्रामा प्रयोग गरिएको छ ।

प्रस्तुत उपन्यासमा स्वप्नलोककै क्रममा भए पनि उपन्यासको प्रमुख चरित्र बहत्तर वर्षीय प्रेम अमेरिका पुगेको उल्लेख गरिएको छ र त्यहाँ उसले बाउन्न वर्ष बसेर अनेक समस्यासँग जुद्धै सङ्घर्ष गरे पनि आफैँमा सन्तुष्ट हुन सकेको पाइँदैन । हरेक क्षण आप्रवासनसँग सङ्घर्ष गर्नुपर्ने भएकाले उसले स्वतन्त्र  रूपमा बाँच्न पाएको छैन । ऊ कहिले सबवे स्टेसनभित्र लुकेर सङ्घर्ष गर्दै त कहिले हिउँ सफा गर्दै त्यहीँ अडिने गर्छ । लामो समयसम्म बसेर पनि उसले आफ्नो अस्तित्वको खोजी गरिरहेको छ । अस्पतालमा मरणासन्न हुँदासमेत उसले अमेरिकाको ग्रिन कार्ड पाउने सुनिश्चितता भएको छैन । बडो मुस्किलले अमेरिका पुगेको प्रेम नेपाल फर्कने कुरो सुन्न पनि चाहन्न । आप्रवासनसँगै सङ्घर्ष गरेर त्यहीँ *यमपुरीको महल* बनाउने इच्छालाई उसले यसरी प्रस्तुत गरेको छ : “भखैरै म लुसुक्क लुरे क्याबिनको भित्रको यस दुलोभित्र पसेँ । पोखराको महेन्द्रगुफा भने पनि हुन्छ ।  मेरा साथी गए । भोलि बिहान पाअमको टिकट छ । तबतक म मेरै साथीहरूबाट पनि लुक्नु छ । म  छिटो छिटो योजना कोरिरहेको थिएँ” (पृ. १०) ।

आफ्नो लक्ष्यप्रति दृढ यस उपन्यासको प्रेमलाई थम्बबहादुरले सम्झाउने प्रयत्न गरे पनि ऊ टसकोमस हुन्न । जस्तोसुकै परिस्थितिमा पनि उसलाई आप्रवासनले आकर्षित गरिरहन्छ । ऊ एकोहोरो आप्रवासनसँग भिड्दै स्वअस्तित्वको खोजीमा निरन्तर लागिरहन्छ । उसका हरेक क्षण चुनौतीपूर्ण र बाधाव्यवधानले भरिए पनि ऊ कुनै हालतमा पछि नहटी अघि बढिरहन्छ । वास्तवमा ऊ लक्ष्य र सङ्कल्पबाट अलिकति पनि पछि हट्न चाहन्न ।

### *अतीतमोह*

आप्रवासनको जीवन बिताइरहेको मानिस सामान्यतया निकै तनावगस्त नै हुने गर्छ । त्यसैले उसलाई अतीतका स्मृतिहरूले पिरोलिइरहन्छ । उसले अतीतलाई स्मरण गर्नुका अनेक कारणहरू रहेका हुन्छन् । विभिन्न परिस्थितिका कारण अतीततर्फ फर्कन बाध्य हुन्छ । एक्लो आप्रवासन जीवन बिताउनु पर्दा जोकोहीलाई गृहस्मृति हुनु स्वाभाविक मानिन्छ । यहाँ गृहस्मृति भन्नाले आप्रवासनमा कठिन जीवन बिताउँदा घरदेशका सम्झना भन्ने बुझिन्छ । यसअन्तर्गत घरदेशको भूगोल, समाज, संस्कृति र वैयक्तिक  परिघटना आदि जुनसुकै सन्दर्भ आउन सक्ने देखिन्छ । सामान्यतया हरेक व्यक्तिलाई आफ्नो पुर्खा, आफन्त, इष्टमित्र, आमाबुबा, घरपरिवार आदि हरेक पक्षलाई छोडेर वा आफ्नो अतीतलाई पन्छाएर नयाँ परिवेशमा रूपान्तरित भइरहँदा गृहदेशको स्मृतिले नसताइ छाड्दैन । त्यस्तो बेला परदेशका प्रत्येक गतिविधिहरूसँगै घरदेशका स्मृतिहरू ताजा बनेर आउने गर्छन् । अभाव, पीडा, सङ्घर्ष, चिन्ता, एकान्तिकता, खुसियाली वा मनोरञ्जनगलायत जुनसुकै परिस्थितिमा पनि अतीतप्रतिको तीव्र सम्झनाले मानिसलाई पिरोलिरहन्छ । हरेक परिस्थितिका बिचमा पनि अतीतप्रतिको सम्मोहनले ऊ पृथक् हुनै सक्दैन ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

डायस्पोरिक साहित्यमा अतीतस्मरण मात्र हुँदैन, यसमा त स्मृति, कल्पना, वा स्वप्नविम्ब आदिका माध्यमबाट परदेशका सन्दर्भहरू अन्वित भएर आउँछन् । यही घरदेशको काल्पनिक विम्बलाई व्यक्त गरेको साहित्यलाई नै डायस्पोरा साहित्य भनिन्छ (राई, २०६९, पृ. १२) । परदेशका प्रत्यक्ष परिवेशसँगै चारित्रिक रहस्यहरू तथा घटनावलीहरू उद्‌घाटित हुँदै जान्छन् । अत : गृहदेशका घटनाहरू केवल संस्मृतिका रूपमा मात्र उद्‌घाटित हुन्छन् । गृहदेशका भन्दा फरक अनुभूति गराउने परदेशका स्थानीय सन्दर्भहरू उपन्यासमा आउने पात्रका लागि कतै रोमाञ्चकारी तुल्याउने किसिमका हुन्छन् भने कतै फरक सांस्कृतिक, प्राकृतिक मूल्य एवम् मान्यताहरू बोध गराउने किसिमका हने गर्छन् । अतीतमोह हुनुमा वर्तमानका दुःखकष्ट वा सुखसमृद्धिको प्रभावलाई लिन सकिन्छ । कुनै संयोगले पात्र पुराना  कुराहरू सोच्न बाध्य हुन्छ वा एकाएक अतीतप्रति फर्किने स्थिति सिर्जना हुन्छ । कतिपय परिस्थितिमा परदेशमा भेग्दाका असह्य पीडाको अनुभूति गरिरहँदा बरु घरदेशकै पीडा ठिक थियो कि भन्ने द्वैधताको अवस्थासमेत  सिर्जना हुन्छ । तसर्थ, परदेशमा पीडा भोगिरहेको जातिलाई मन र मस्तिष्कको मनोवैज्ञानिक विभाजनले सधैँ दोधारमा पारिरहन्छ (राई र तेम्बे, २०७२, पृ. १३२) । यस सन्दर्भमा खगेन्द्र लुइटेलको निम्न भनाइ सान्दर्भिक देखिन्छ :

> ... आप्रवासीहरूमा आफ्नो गृहभूमिको सम्झनाका कारण मन यता र तन उता भई मानसिकता नै विभाजित हुन्छ । पुर्ख्यौली भूमिको संस्कृति स्मृति वा मोह त्याग्न नसकी चिन्तित हुने तथा  गन्तव्य वा पराई भूमिको संस्कृति पनि अनुसरण गर्न नसक्ने वा गर्न नजान्ने दोहोरो मानसिकताका कारण आफ्नो पहिचान सङ्कटग्रस्त हुन पुगेको ठानी तिनको मानसिकता विभाजित हुन्छ र आफ्नो जन्मघर फर्कौं कि उतै बसौँ भन्ने द्वैध मानसिकताको अवस्थामा पुग्छन् । (लुइटेल, २०७९, पृ. १२३)

पक्कै पनि “त्यस्ता व्यक्तिको मनोदशा द्वैध किसिमको हुने भएकाले डायस्पोरिक साहित्यमा आएका पात्रहरू मानसिक रूपले निर्वासित हुन्छन् अथवा सबै कुरा माया मारेर विशाल सागरमा हाम्फालेका हुन्छन्” (भट्टराई, २०६४, पृ.  ११९–१२०) । यसरी जुनसुकै परिस्थतिमा भए पनि अन्य मुलुकमा पुगेर डायस्पोरा बनेका व्यक्तिहरूमा विदेशी भूमि अनौठो लाग्नु, अनिश्चिततामा रुमलिनु, गृहभूमिको यादले पिरोलिनु जस्ता मनस्थितिको विकास भएको हुन्छ (लुइटेल, २०७९, पृ. १०५–१०६) । अत : नेपाली डायस्पोरिक उपन्यासमा एकातिर गृहस्मृति वा अतीतमोह र अर्कातिर द्वैध मानसिकतको अवस्था अभिव्यक्त भएको पाइन्छ ।

प्रस्तुत यमपुरीको यात्रा उपन्यासको प्रमुख चरित्र प्रेमले पराई भूमिमा जब जब कठिन परिस्थितिको सामना गर्नुपरेको छ तब तब उसले गृहदेशलाई बारम्बार सम्झिएको छ । उसले हिउँ फाल्दाका क्रममा होस् अथवा अत्यन्त दुःखकष्ट भोग्दाका क्षणमा होस् उसलाई याद आएको छ । ऊ विगतका अनेक कुरा  सम्झिन्छ र अतीतमोहबाट पृथक् हुन सक्दैन । अमेरिकामा दुःख पाएको एउटा घटनामा प्रेमले गृहभूमि नेपाललाई यसरी सम्झिएको छः “...चारै दिशा हेरेँ । पूरै स्काइल्यान्ड ड्राइभले घेरा हालेको थियो । मानिस भन्लान् सानन्दाह उपत्यकाको त्यो मनोरम  दृश्यले मोहित भएर यो फर्किन नचाहेको होला । होइन मलाई यो उपत्यकाभन्दा काठमाडौँ उपत्यका धेरै सुन्दर लाग्छ । हिमालको धवलश्री यस उपत्यकामा छ नै कहाँ र ?” (पृ.१२) यस्तै बलस्टिन सबवेभित्रको पहिलो रातमै कष्टपूर्ण क्षण बिताइरहँदा उसले यस्तो अभिव्यक्ति दिएको छ : “छिः म त कस्तो ? दुई पैसाको नाफाका लागि ६५ वर्षकी बुढी फुपूलाई ...जेठमासको प्रचण्ड घाममा ...दस पाथी नुनको भारी बोकाएर कार्कीनेटाको उकालोमा हिँडाइरहेका थिए । उनको सारी फाटेको थियो” (पृ.१२) ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

अनेक कष्टका साथ जीवन बिताइरहँदा उसलाई यस्ता थुप्रै यादहरू आइरहन्छन् । मेट्रोमा चढिसकेपछि पनि धेरै सम्झनाहरू आउँछन् । उसले गरेको शिक्षक आन्दोलन, घरका श्रीमती र छोराछोरी, गाउँका साथीभाइ आदि सबै एक एक गरी सम्झनाका विषय बन्छन् । यसैगरी कहिले बिहेको सम्झना हुन्छ त कहिले मदनबहादुरको दाँवली दिपिलले काठमाडौंमा घर बनाइसक्यो तैँले खोइ केही गरिनस् भन्दै गाली सुन्नुपरेको पनि सम्झना हुन्छ । यसै क्रममा एकपटक फारेगुनर्थको स्टेसनभित्र रेलमा बस्दा प्रहरीको आकृतिसँगै लक्ष्मीप्रियाको आकृति नै देख्न पुग्छ : "म निर्निमेष प्रहरीलाई हेरिरहेको थिएँ । हेर्दाहेर्दै लक्ष्मीप्रियाको आकृति देखियो । प्रहरी मलाई छडी लगाउन आएका थिए, तर उनै कसरी लक्ष्मीप्रिया बनिन् ? उनले मलाई देखेर बरर आँसु खसालिन्" (पृ. २८) ।

पराई देशमा जीवन बिताइरहँदा दुःखकष्टका क्षणमा मात्र होइन, सुखद क्षणमा पनि गृहस्मृति हुने गर्छ । प्रेमले सुखकै क्षणमा अर्थात् पैसा हात पारेको अवसरमा लक्ष्मीप्रिया र छोराछोरीलाई मज्जाले सम्झिएको छ । उसले घरमा पैसा पठाएको क्षण होस् कि अरू बेला, विभिन्न सुखको अवस्थामा गृहस्मृति गरेको छ अनि कतिपय असह्य पीडाका क्षणमा उसले योभन्दा त्यो नै ठिक थियो कि भन्ने द्वैध मानसिकताको अवस्थालाई आत्मसात् गरेको छ । यसरी अतीतमोह वा द्वैध मानसिकताको प्रयोग यस उपन्यासमा प्रशस्त मात्रामा भएको पाइन्छ ।

***अभिघात, सीमान्तीयता र उत्पीडन***

डायस्पोरिक उपन्यास *यमपुरीको महल*मा अभिघातको अभिव्यक्ति पनि पाइन्छ । अभिघातको शाब्दिक अर्थ चोट हो । विशेषत: बिसौँ शताब्दीमा विश्वमा भएका विभिन्न प्रकृतिका युद्धहरूले अभिघातको अवस्था सिर्जना गरेका थिए । त्यसबेला कैयौँ भौतिक संरचनाहरू ध्वस्त हुनुका साथै मानवीय क्षतिसमेत भएको पाइन्छ । यसको प्रतिफलस्वरूप समाजमा अस्थिरता, अन्योलता, त्रासपूर्ण अववस्थाका साथै हत्या, हिंसा, अपहरण, आतङ्क र धम्कीको वातावरण सिर्जना भएको थियो । यही अन्योलग्रस्त र असुरक्षापूर्ण परिस्थितिबाट पाश्चात्य जगत्मा डायस्पोरिक चेतना विकसित भएको देखिन्छ । त्यसैले त्यस्ता अभिघातका रूपमा रहेका भय, चिन्ता, अपरिचितता र भयङ्कर असुक्षाको चेतनालाई डायस्पोरिक साहित्यमा उल्लेख गर्ने प्रवृत्ति पाइन्छ (भट्टराई, २०६४, पृ. ११८–११९) । आफूले खाइखेली हुर्केबढेको ठाउँ छोडेर परदेशमा हुँदा अतीतमा भोगेका सारा कुरासँगको मानिसको अभेद्य सम्बन्ध रहेकै हुन्छ । परदेशमा व्यक्तिलाई आफूले बिताइरहेको ठाउँ र त्यहाँका व्यक्तिहरू अपरिचित लाग्नु, भयङ्करको डर र चिन्ता जाग्नु र समग्रमा असुक्षाको अनुभूति हुनु अभिघात हो र यो कुरा डायस्पोरिक कृतिहरूमा पाइन्छ । यसै गरी परदेशमा अस्तित्वविहीन, परिचयविहीन शक्तिहीन भएर बस्नुपर्दा तिनले आफूलाई त्यहाँको समुदायबाट हेपिएको, थिचिएको, मिचिएको, किनाराकृत, सीमान्तीकृत तुल्याएको, हरक्षेत्रमा पछाडि पारी अवसरबाट वञ्चित गरिएको परिचयविहीन र आवाजविहीन तुल्ययाएको पीडाबोध गर्दछन् (लुइटेल, २०७९, पृ. १०७) । व्यक्तिले भोग्ने पीडाबोध र अल्पसङ्ख्यक भइरहँदा वा सीमान्तकृत भइरहँदा पनि अभिघातको अवस्था देखिने गर्छ । वस्तुत : अभिघातको अवस्था सिर्जना हुनुमा सीमान्तीय सोच पनि प्रमुख कारण हो (निरौला, २०८०, पृ. ११२) । हरेक पक्षबाट अत्यन्त कमजोर परिस्थिति स्वत : देखिने गर्छ । यही महत्त्वपूर्ण अभिलषणबाट *यमपुरीको महल* उपन्यास पनि अछुतो रहेको छैन ।

प्रस्तुत उपन्यासको प्रमुख चरित्र प्रेमले अमेरिका पुगेपछि स्वाभिमानका साथ प्रस्तुत हुने अवसर पाएको छैन । कोही कसैसँग अमेरिकाजस्तो देशमा पुगेको स्वाभिमान प्रकट गर्ने अवसर नै उसलाई प्राप्त भएको छैन । त्यहाँ जति समयसम्म दिनहरू बिताएको छ त्यतिन्जेलसम्म कि त पीडैपीडा, अभावैअभाव, त्रासैत्रास र चिन्तैचिन्तामा डुब्नुपरेको

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X
छ कि त सीमान्तीयहुनुको पीडा र तिरस्कार वा उत्पीडनको सिकार हुनुपरेको छ । उसले अमेरिका छिर्नासाथ यतिसम्म त्रासको अनुभूति गरेको छ कि आफूलाई सार्वजनिक रूपमा प्रस्तुतै गर्न सकिरहेको छैन । उदाहरणका रूपमा तल केही साक्ष्यहरू प्रस्तुत गरिएका छन् : "कोही यात्रीहरू साँगुरो गल्लीबाट अगाडि बढे । कसैले नदेखून् भनी म अझै भित्तासम्म टासिएँ । डरले साँच्चिकै पिसाब चुहिरहेको थियो" (पृ. १०) ।

न्युक्यारोल्टनको भूमिगत रेलस्टेसनमा पुलिससँग भेट हुँदा उसको अवस्था कति भयानक र त्रासद थियो भन्ने कुरा निम्नानुसारको अभिव्यक्तिबाट स्पष्ट हुन्छ : "निलो सुटमा छाते टोपी लगाएका प्रहरी झन्डै मजस्तै थिए, तर उनी वैधको चस्ममा थिए, म अवैधताको नग्ननृत्य देखाइरहेको थिएँ । वारेन्ट अरेस्टेट । डिपोर्टको मलाई त्रास थियो" (पृ. २०) ।यस्तै अर्को प्रसङ्गमा प्रेमले भोगेको अभिघातपूर्ण अवस्था र उत्पीडनको प्रस्तुति यसरी उल्लेख गरिएको छ :

> त्यति ठुलो व्यापारीको एउटा बियर र पाजी कुकुरको मासु दिएको भए पनि के सकिन्थ्यो र ? अझै खोपडी फुटाइदिउँला भनी धम्की दिई मलाई धक्का दिएर गयो । कोत्रे मुख...थ्याप्चे नाक...कसतो कामिरहेको मुखाकृति उसको । म भोकले गाईको मासु खान तयार भएको थिएँ । ऊ पैसो कमाउन म स्वयंलाई चपाइदिन तयार थियो । (पृ.२३)

यस किसिमका अभिघातपूर्ण एवम् उत्पीडनका सन्दर्भहरूको प्रस्तुति यस उपन्यासमा यत्रतत्र भएको पाइन्छ ।

### *एकान्तिकता/निस्सारता र एकसूत्रता*

आफ्नो मूल थलो छोडेर पराई देशमा गइसकेपछि मानिसमा एकप्रकारको छटपटाहट देखिने गर्छ । उसलाई आफू मात्र उछिट्टिएर, प्याँकिएर वा परिचय गुमाएर यस्तो ठाउँमा पुगेँ र अब कहिल्यै आफ्नो मूलसित जोडिन सक्छु कि सक्दिनँ भन्ने चिन्ता हुन्छ (भट्टराई, २०७१, पृ. ८) । यसै कारण उनीहरू एक्लोपन वा बिरानोपनबाट माथि उठेर लामो समयसम्म हिम्मतसाथ अघि बढ्न सकिरहेका हुँदैनन् । यसमा सत्यता छ, "आफ्नो परिवार, आफन्त, साथीभाइ, इष्टमित्रलगायत देशै छोडेर अर्काका मुलुकमा गई केही समय बसोबास गरिसकेपछि तिनलाई निराशा र एक्लोपन वा बिरानोपनको अनुभूति भई चिन्ता र पीडा पैदा हुन्छ" (लुइटेल, २०७९, पृ. १०३) । "साथै मूल थलोको आफ्नो भौगोलिक, ऐतिहासिक र सांस्कृतिक सम्बन्धलाई छाड्दै गएकाले तिनमा एकप्रकारको घरबारविहीनताको भावले छोपिरहेको हुन्छ र तिनले आफूलाई एक्लो मात्र अनुभव गरिरहेका हुन्छन् । तिनलाई बिरानोपनले सताइरहेको हुन्छ" (भट्टराई, २०६४, पृ. ११९) ।डायस्पोरामा सम्बनिधत देशका मूल बासिन्दाभन्दा अन्य देशबाट आई बसोबास गर्नेहरू अल्पसङ्ख्यक हुने भएकाले तिनले कानुनी रूपमा समान अधिकार पाए पनि सामाजिक व्यवहारमा विभेद बेहोर्नुपर्छ । यही विभेदका कारण उनीहरू आफ्नो जरो हल्लिएर उखेलिन लागेको महसुस गर्छन् र एकसूत्रताको खोजीतर्फ लाग्छन् अनि एउटै देश र भाषा भएकाहरूको साझा संस्थामा आबद्ध भई भेटघाट र सुखदुःख बाँड्छन् (खड्का, सन् २०१७, पृ. ८) । यस्तै विषयवस्तुलाई समेट्दै तयार पारिएका "डायस्पोराको सिर्जना विविध सांस्कृतिक पृष्ठभूमि र भाषाभाषीबाट भए पनि तिनले बिरानो भूमिमा बलियो देखिनका लागि एकताको सूत्र खोजेका हुन्छन् र त्यसैमार्फत आफ्नो चिनारी दिन्छन् (एटम, २०६७, पृ. ३४) । उल्लिखित एकान्तिकता वा बिरानोपनका लक्षणहरू *यमपुरीको महल* उपन्यासमा पनि अभिव्यक्त भएको पाइन्छ ।

*यमपुरीको महल* उपन्यासको नायक प्रेमले अमेरिका पसेदेखि लामो समयसम्म त्यहीँ बसेर सङ्घर्ष गरे पनि एक्लोपनको अनुभूतिलाई हटाउन सकेको छैन । ऊ सबवे रेल्वेस्टेसनदेखि अस्पतालसम्म पुगिसक्दा विभिन्न व्यक्तिहरूको सम्पर्कमा आइसकेको थियो तर पनि ऊ अझै एक्लै भएको अनुभूति गरिरहेको हुन्छ । उसलाई एकपटक

त आफू एक्लै हिँडिरहनुपर्दा मातृद्रोही नै हुँ कि जस्तो अनुभूतिसमेत भएको पाइन्छ । प्रेम पहिलो पटक लुरेक्याभर्नमा एक्लै हिँडिरहँदा उसलाई आफू मात्र मातृद्रोही भएको अनुभूति हुन्छ । प्रेममा देखिएको एक्लोपनबाट उत्पन्न निस्सारताबोध वास्तवमै मर्मस्पर्शी छ : "कहिलेकाहीँ त लाग्छ यी सन्तति नै मेरा काल हुन् । मलाई जबसम्म खरानी पार्दैनन्, तबसम्म मैले उनैलाई सम्पत्ति कमाउन अर्पित गरिदिनुपर्छ" (पृ. ६१) । यसै गरी अर्को प्रसङ्गमा आएको अभिव्यक्ति झनै मार्मिक रूपमा आएको छ : "मलाई थाहा थियो, एकदिन छोडेर हिँड्दा यो घर निरर्थक हुनेछ । म किन त्यो महल बनाउन लागेको थिएँ कुन्नि ? मेरो जीवन निस्सार रहेछ" (पृ.१४३–१४४) । यसप्रकार *यमपुरीको महल* उपन्यासमा एकान्तिकता/निस्सारता एकसूत्रताको अभिव्यक्ति निकै सशक्त रूपमा भएको पाइन्छ ।

### *द्वैध सांस्कृतिक चेतना*

एउटा सांस्कृतिक पृष्ठभूमिको व्यक्ति अर्को सांसकृतिक परिवेशमा मिसिनुपर्दा स्वाभाविक रूपमा द्वैध सांस्कृतिक परिस्थिति सिर्जना हुने गर्छ । त्यस्तो बेला न त घरदेशको संस्कृतिलाई उसले पूर्ण रूपमा परित्याग गर्न सक्छ न परदेशको नयाँ संस्कृतिलाई पनि पूर्ण रूपमै आत्मसात् गर्दै अघि बढ्ने हिम्मत गर्छ । गृहदेश र परदेशका बिचको सांस्कृतिक अन्तरघुलनका क्रममा मानिसमा द्वैध सांस्कृतिक चेतनाको प्रभाव देखापर्छ । विशेषत : डायस्पोराको मन पैतृक भूमितिर हुन्छ तर बुद्धि भने परदेशमा प्राप्त हुने अवसर र लाभतिर दौडिने गर्छ । तसर्थ, डायस्पोरि व्यक्तिलाई मन र मस्तिष्कको मनोवैज्ञानिक विभाजनले सधैँ दोधारमा पारिरहन्छ (राई र तेम्बे, २०७२) ।

डायस्पोरिक अवस्थामा भिन्न भिन्न सभ्यता र संस्कृतिका मानिसहरू एकै ठाउँमा भेट हुँदा तेस्रो संस्कृतिलाई ग्रहण गर्नुपर्ने परिस्थिति सिर्जना हुन्छ । त्यस्तो बेला नयाँ संस्कृति स्विकारर्नुपर्दा त्यस्ता मानिसलाई भय, चिन्ता, र असुरक्षाले छोप्छ (भट्टराई, २०६४, पृ. १८३) । यसको परिणाम सांस्कृतिक चेतनाको द्वैध वृत्ति अवस्था सिर्जना भई संस्कृति भञ्जनका कारण पीडाबोधसमेत हुन पुग्छ (भट्टराई, २०७२, पृ. २७) । यस्तो द्वैध सांस्कृतिक चेतना *यमपुरीको महल* उपन्यासमा न्यून मात्रामा पाइन्छ । यस उपन्यासमा आएका प्रेम र उसकी पत्नी लक्ष्मीप्रियाका बिचको आदर्श प्रेमलाई वा प्रेम र हीरासँग गाँसेर द्वैधताको अवस्थालाई देखाउन सकिन्छ ।

## निष्कर्ष

उपन्यासकार होमनाथ सुवेदीद्वारा लिखित *यमपुरीको महल* प्रमुख चरित्र प्रेमको पूर्वस्मृतिमा केन्द्रित तथा चेतनप्रवाह शैलीमा लिखित एक चर्चित डायस्पोरिक उपन्यास हो । यस उपन्यासमा प्रमुख चरित्र प्रेमको चारित्रिक उद्घाटनसँगै डायस्पोरा चेतना अभिव्यक्त गरिएको छ । प्रेम अमेरिकामा अल्पसङ्ख्यक समुदायका रूपमा रहँदा सधैँ अस्तित्व रक्षाका लागि सजग हुँदै उसले बाउन्न वर्ष बसेर अनेक समस्यासँग जुद्धै सङ्घर्ष गरे पनि आफैँमा सन्तुष्ट देखिँदैन । हरेक क्षण आप्रवासनसँग सङ्घर्ष गर्र्दै बाँच्नुपर्ने बाध्यता रहेकाले उसले स्वतन्त्र रूपमा बाँच्न पाएको छैन । अमेरिका बस्दा कहिले सबवे स्टेसनभित्र लुकेर सङ्घर्ष गर्दै त कहिले हिउँ सफा गर्दै जीवनयापन गर्ने क्रममा लामो समयसम्म उसले आफ्नो अस्तित्वको खोजी निरन्तर गरिरहेको छ । बडो मुस्किलले अमेरिका पुगेको प्रेम आप्रवासनसँगै सङ्घर्ष गरेर त्यहीँ *यमपुरीको महल* बनाउन क्रियाशील देखिन्छ ।

आफ्नो लक्ष्यप्रति दृढ यस उपन्यासको प्रेमलाई जटिल परिस्थितिमा पनि आप्रवासनले आकर्षित गरिरहन्छ । एकोहोरो आप्रवासनसँग भिड्दै स्वअस्तित्वको खोजीमा ऊ निरन्तर लागिरहन्छ । उसका हरेक क्षण चुनौतीपूर्ण र बाधाव्यवधानले भरिए पनि ऊ कुनै हालतमा पछि नहटी अघि बढिरहन्छ । पराई भूमिमा जब जब कठिन परिस्थितिको सामना गर्नुपरेको छ तब तब उसले गृहदेशलाई बारम्बार सम्झिएको छ । हिउँ फाल्दाका क्रममा होस् अथवा अत्यन्त

दुःखकष्ट भोग्दाका क्षणमा होस् उसलाई स्वदेशको सम्झना आइरहन्छ । ऊ विगतका अनेक कुरा सम्झिन्छ र अतीतमोहबाट पृथक् हुन सक्दैन र अमेरिकामा दुःख पाएको एउटा घटनामा प्रेमले गृहभूमि नेपाललाई स्मरण गरेको छ । अनेक कष्टका साथ जीवन बिताइरहँदा उसलाई थुप्रै यादहरू आइरहन्छन् । आफू सहभागी भएको शिक्षक आन्दोलन, घरका श्रीमती र छोराछोरी, गाउँका साथीभाइ आदि सबै एक एक गरी सम्झनाका विषय बनेका छन् । उसलाई पराई देशमा जीवन बिताइरहँदा दुःखकष्टका क्षणमा मात्र होइन, सुखद क्षणमा पनि गृहस्मृति हुने गर्छ । प्रेमले सुखकै क्षणमा अर्थात् पैसा हात पारेको अवसरमा लक्ष्मीप्रिया र छोराछोरीलाई मज्जाले सम्झिएको छ । उसले घरमा पैसा पठाएको क्षण होस् कि अरू बेला, विभिन्न सुखको अवस्थामा गृहस्मृति गरेको छ भने कतिपय असह्य पीडाका क्षणमा योभन्दा त्यो नै ठिक थियो कि भन्ने द्वैध मानसिकताको अवस्थामा पनि पुगेको छ ।

प्रस्तुत उपन्यासमा अभिघातको अभिव्यक्ति पनि प्रभावकारी रूपमा भएको पाइन्छ । यसमा प्रेमले खाइखेली हुर्केबढेको ठाउँ छोडेर परदेशमा हुँदा अतीतमा भोगेका सारा कुरासँगको अभेद्य सम्बन्धलाई देखाइएको छ । परदेशमा बिताइरहेको ठाउँ र त्यहाँका व्यक्तिहरू उसलाई अपरिचित लागेको छ, भयङ्करको डर र चिन्ता जागेको र समग्रमा असुक्षाको अनुभूति भएको छ । यसै गरी परदेशमा अस्तित्वविहीन, परिचयविहीन, शक्तिहीन भएर बस्नुपर्दा उसले आफूलाई त्यहाँको समुदायबाट हेपिएको, थिचिएको, मिचिएको, किनाराकृत, सीमान्तीकृत तुल्याएको, हरक्षेत्रमा पछाडि पारी अवसरबाट वञ्चित गरिएको परिचयविहीन र आवाजविहीन तुल्याएको पीडाबोध गरेको छ । उसले भोग्ने पीडाबोध र अल्पसङ्ख्यक भइरहँदा वा सीमान्तकृत भइरहँदा पनि अभिघातको अवस्था भोगेको छ । त्यहाँ जति समयसम्म दिनहरू बिताएको छ त्यतिन्जेलसम्म कि त पीडैपीडा, अभावैअभाव, त्रासैत्रास र चिन्तैचिन्तामा डुब्नुपरेको छ कि त सीमान्तीयहुनुको पीडा र तिरस्कार वा उत्पीडनको सिकार हुनुपरेको छ । उसले अमेरिका छिर्नासाथ यतिसम्म त्रासको अनुभूति गरेको छ कि आफूलाई सार्वजनिक रूपमा प्रस्तुतै गर्न सकिरहेको छैन । न्युक्यारोल्टनको भूमिगत रेलस्टेसनमा पुलिससँग भेट हुँदा उसको अवस्था भयानक र त्रासद बन्छ । अभिघातपूर्ण एवम् उत्पीडनका सन्दर्भहरूको प्रस्तुतिका साथै यस उपन्यासमा एकान्तिकता वा बिरानोपनका लक्षणहरू *यमपुरीको महल* उपन्यासमा पनि अभिव्यक्त भएको पाइन्छ ।

यसको नायक प्रेमले अमेरिका पसेदेखि लामो समयसम्म त्यहीँ बसेर सङ्घर्ष गरे पनि एक्लोपनको अनुभूतिलाई हटाउन सकेको छैन । ऊ सबवे रेल्वेस्टेसनदेखि अस्पतालसम्म पुग्दा होस् वा वा अरू धेरै मानिससँग भेटिसकेपछि होस् मातृद्रोही नै हुँ कि भन्ने अनुभूति गर्छ । ऊ पहिलोपटक लुरेक्याभर्नमा एक्लै हिँडिरहँदा आफू मात्र मातृद्रोही भएको अनुभूति हुन्छ । यसरी यस उपन्यासमा एकान्तिकता÷निस्सारता एकसूत्रताको अभिव्यक्ति निकै सशक्त रूपमा भएको पाइन्छ । डायस्पोरिक अवस्थामा भिन्न भिन्न सभ्यता र संस्कृतिका मानिसहरू एकै ठाउँमा भेट हुँदा तेस्रो संस्कृतिलाई ग्रहण गर्नुपर्ने परिस्थिति सिर्जना र त्यहाँ नयाँ संस्कृति स्विकारर्नुपर्दा त्यस्ता मानिसलाई भय, चिन्ता, र असुरक्षाले छोप्नेजस्ता कुरालाई यस उपन्यासमा द्वैधताको अवस्था एवम् परादेशीय हुनुको रोमाञ्चक पीडालाई समेत देखाइएको छ ।

## सन्दर्भसामग्री

एटम, नेत्र (२०६७), *नेपाली डायस्पोरा र अन्य समालोचना,* एकता बुक्स ।

निरौला, लेखप्रसाद (२०८०), *नेपाली डायस्पोरिक उपन्यासका प्रवृत्ति,* अप्रकाशित लघुअनुसन्धान, नेपाल प्रज्ञा–प्रतिष्ठान ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

भट्टराई, गोविन्दराज (२०६४), नेपाली डायस्पोरिक साहित्यको प्रथम उपन्यास *यमपुरीको महल, यमपुरीको महल,* अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज ।

भट्टराई, गोविन्दराज (२०७२), *उत्तरआधुनिक विमर्श* (दोस्रो संस्क.), ओरिएन्टल पब्लिकेसन हाउस ।

भट्टराई, गोविन्दराज (२०७६), डायस्पोरा साहित्यको सैद्धान्तिक स्वरूप, *रत्न बृहत् नेपाली समालोचना* (सैद्धान्तिक खण्ड (दोस्रो संस्क.) (सम्पा.), राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, रत्न पुस्तक भण्डार ।

भट्ट, खेमराज (२०७९), मोटेल अमेरिका उपन्यासमा डायसपोरा चेतना, *प्रज्ञा, १/१२३*, नेपाल प्रज्ञा–प्रतिष्ठान, पृ. ४१–५३ ।

राई, पुरण (२०६९), *डायस्पोरा : लाहुरे स्रष्टा र कविता*, डायस्पोरा अध्ययन प्रतिष्ठान ।

राई, रक्ष र तेम्बे, मिजास (२०७२), *डायस्पोरा सिद्धान्त, रचना र समालोचना*, प्रतिभा प्रकाशन ।

लुइटेल, खगेन्द्र (२०७९), *डायस्पोराको सैद्धान्तिक स्वरूप,* पैरवी प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६७), डायसपोराको सैद्धान्तिक स्वरूप, *समकालीन साहित्य.* डटकम ।

सुवेदी, राजेन्द्र (सम्पा) (२०७२), *स्रष्टा होम : द्रष्टा अनेक*, पाठ्यसामग्री पसल ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*